सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहाकरी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र
पाटन, बैतडी
फोन नं: ०९५-४००००६
Email: dlsopatanbaitadi@yahoo.com

प.सं. ०८१/०८२
च.नं.

मितिः २०८१-०८-१७

विषयः सूचना टाँस गरी आवश्यक सहयोग गरिदिनु हुन बारे ।

श्री स्थानीय तह सबै
बैतडी।

उपरोक्त विषय सम्बन्धमा चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुदान मार्फत संचालन गरिने विभिन्न कार्यक्रमहरु संचालन गर्न यस कार्यालयबाट आज मिति २०८१-०८-१७ गतेका दिन प्रस्ताव आव्हानको सुचना प्रकाशन गरिएकोमा तहाँ पालिकाको कार्यालयमा सुचना टाँस गरी पशु सेवा शाखा मार्फत प्रस्ताव संकलन कार्यमा सहयोग गरिदिनु सम्बन्धित सुचना, प्रस्तावको ढाँचा र निवेदनको नमुना समेत यसैपत्र साथ संलग्न राखि पठाइएकोछ, आवश्यक सहयोगका लागि अनुरोध छ।

०८१/८/१६

गुमानी दत्त पन्त
प.वि.अ

गुमानी दत्त पन्त
कार्यालय प्रमुख

सुदूरपश्चिम प्रदेश सरकार
भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
पाटन, बैतडी

प.स.:२०८१/०८२
सूचना नं ०२

मितिः-२०८१।०८।१७

प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।८।१७

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाटन बैतडीको चालु आ व २०८१।८२ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु सुदुरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन नियमावली २०७९ बमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक आवेदकहरुका लागि सम्बन्धित स्थानिय तहको पशु सेवा शाखामा वा यस कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०८१।९।०१गते) तोकिए बमोजिमका आवश्यक कागजपत्रहरु संलग्न राखि व्यक्ति/फर्मको हकमा प्रस्तावक स्वयं आफै र समुह/समिति/सहकारीको हकमा प्रमुख/आधिकारीक व्यक्तिले प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएकोछ । प्रस्तावको ढाँचा, लगायतका अन्य आवश्यक विवरणहरु यस कार्यालयको सूचनापाटी वा सम्बन्धित स्थानिय तहको पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल:

| सि न | बजेट उपशिर्षक नम्बर | कार्यक्रमको विवरण | इकाइ | लक्ष्य संख्या | स्विकृत बजेट रु | प्रस्ताव पेश गर्न पाउने | कार्यक्रम संचालन हुने स्थान | कार्यक्रमबाट अनुदान प्राप्त गरी गर्ने कियाकलापहरु |
|---|---|---|---|---|---|---|---|---|
| १ | २.७.१८.२७९३ | दुध डेरी प्रवर्द्धन कार्यक्रम, दशरथचन्द ९ | पटक | १ | १५ लाख | दैनिक कम्तिमा २०० लिटर दुधको कारोबार गरिरहेको हुनुपर्ने । डेरी व्यवसायी समूह/समिति र सहकारी | दशरथचन्द ९ | विक्री कक्ष निर्माण, मिल्क क्यान, प्याकेजिङ मेसिन, चिलिङ भ्याट, फ्रिज डिपफ्रिज खरिद मिल्क डिस्पेन्सर खरिद |
| २ | २.७.१८.२७८० | एकिकृत पशुपालन व्यवसाय डिलासैनी २ | पटक | १ | २० | व्यावसायिक कृषक/समूह/समिति र सहकारी मार्फत) | डिलासैनी २ | खोर,गोठ निर्माण/सुधार सामग्री खरिद, मेशिनरी औजार, घाँस तथा डालेघाँस खेति नश्ल सुधारका लागि बोका, राङ्गा खरिद, पोषणयुक्त घाँस जैविक सुरक्षा प्रबन्ध |

गुमानी दत्त पन्त
कार्यालय प्रमुख

☎ ०९५-४००००६ / ✉ dlsopatanbaitadi@yahoo.com

सुदूरपश्चिम प्रदेश सरकार

भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

## पाटन,बैतडी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | २.७.१८.२७५० | डेरी उद्योग स्थापना, दशरथचन्द २ | पटक | १ | ५ लाख | दैनिक कम्तिमा २०० लिटर दुधको कारोबार गरिरहेको हुनुपर्ने । डेरी व्यवसायी डेरी व्यवसायी समूह/समिति र सहकारी | दशरथचन्द २ | बिक्री कक्ष निर्माण, मिल्क क्यान फ्रिज, डिपफ्रिज,प्याकेजिङ्ग मेसिन, चिलिङ्ग भ्याट खरिद, मिल्क डिस्पेन्सर खरिद |
| ४ | २.७.१८.२८२४ | माछापालन कार्यकम द.न.पा. ६ बैतडी | पटक | १ | ५ लाख | व्यावसायिक फर्म | दशरथचन्द ६ | नयाँ मत्स्य पोखरी निर्माण,माछाको भुरा खरिद तथा ढुवानि |
| ५ | २.७.१७.१८१ | माछा पालन कार्यक्रम, सिगास ३,४ र ५ | पटक | १ | ५ लाख | व्यावसायिक फर्म | सिगास ३,४ र ५ | नयाँ मत्स्य पोखरी निर्माण,माछाको भुरा खरिद तथा ढुवानि |
| ६ | २.७.१८.२७३२ | स्थानीय तथा ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम | पटक | २० | ३० लाख | (व्यावसायिक कृषक/समूह/समिति र सहकारी मार्फत) | जिल्ला भरी | खोर निर्माण/सुधार, सामग्री खरिद, औजार बारबन्देज जैविक सुरक्षा प्रबन्ध मेशीनरी औजार, भाँडाकुँडा,चल्ला खरिद परजिवि नियन्त्रण |
| ७ | २.७.१८.२७९१ | स्थानीय कुखुरापालन द.न.पा १ र डिलाशैनी २,५ | पटक | ३ | ३० लाख | समूह/समिति सहकारी, र व्यावसायिक फर्म | द.न.पा १ र डिलाशैनी २,५ | खोर निर्माण/सुधार, सामग्री खरिद, औजार बारबन्देज जैविक सुरक्षा प्रबन्ध मेशीनरी औजार, भाँडाकुँडा,चल्ला खरिद परजिवि नियन्त्रण |
| ८ | २.७.१८.१९१० | प्राकृतिक गर्भाधानको माध्यमबाट पशुको नश्ल सुधार (उन्नत राँगो/साँढे/बोका खरिद तथा वितरण) | पटक | ८ | १६ | समूह/समिति सहकारी, र व्यावसायिक फर्म | जिल्ला भरी | |

संलग्न गर्नुपर्ने कागजात तथा थप जानकारीहरु:

१. संलग्न ढाँचाको निवेदनमा रु १०(दश)को टिकट टास तथा अनुसुची ५ बमोजिमको ढाँचामा पेश गरिएको परियोजना प्रस्ताव,

२. प्रस्तावकको नेपाली नागरिकताको प्रमाणपत्र को प्रतिलिपी (अगाडी पछाडीको दुवै भाग देखिने गरी),

३. दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी (समुह/समिति/सहकारी/निजी फर्म/कम्पनि/संस्था),

गुमानी दत्त पन्त
कार्यालय प्रमुख

☎ ०९५-४००००६ / ✉ dlsopatanbaitadi@yahoo.com

४. गत आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी र लेखा परिक्षण प्रतिवेदन,
५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी,
६. कार्यक्रमबाट दोहोरो लाभ नलिएको र कार्यक्रम दिन उपयुक्त भएको भनि सम्बन्धित स्थानीय तहले गरेको सिफारिस पत्र,
७. सम्बन्धित स्थानिय तहको पशु सेवा शाखाबाट प्रस्तावित कार्यक्रम संचालन गर्न न्यूनतम मापदण्ड पुगेको र प्राविधिक दृष्टिकोणले कार्यक्रम संचालन गर्न उपयुक्त भएको सिफारिस पत्र,
८. (समुह/समिति/सहकारी/संस्थाको हकमा प्रस्ताव पेश गर्दा अनुदान माँग गरिएको निर्णयको प्रतिलिपी
९. विगत दुई आर्थिक वर्षमा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका निकायहरुबाट कृषि तथा पशुपालन तर्फ अनुदान नलिएको स्वघोषणा ।
१०. निर्माण गरिने पुर्वाधारको हकमा प्राविधिक लागत अनुमान, नक्शा तथा पुर्वाधार निर्माण गरिने स्थलको वर्तमान अवस्था झल्काउने विभिन्न कोणबाट खिचिएका रङ्गिन फोटोहरु ४ प्रति,
११. जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी वा जग्गा भाडामा लिइ कार्यक्रम संचालन गर्नेको हकमा १० वर्षको करारपत्र,
१२. आवेदन पेश गर्दा अनुदानग्राहीले रु १ लाख देखि ५ लाख सम्म अनुदान माग गरेका कार्यक्रमका लागि रु तीन सय र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि रु एक हजार निवेदन दस्तुर वापतको रकम प्रदेश सरकारको राजश्व खाता नम्बर १४२२९ कार्यालय कोड भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र पाटन बैतडी ३१२०२७४०१७ मा दस्तुर रकम बुझाई सोको सक्कल भौचर प्रस्ताव साथ संलग्न राख्ने ।
१३. थप जानकारीका लागि यस कार्यालयको फोन नम्बर ०९५४००००६ वा सूचना अधिकारीको फोन नम्बर ९८६५९७२५८२ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
१४. कार्यक्रम संचालन गर्दा सुदूरपश्चिम प्रदेश सरकार कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली बमोजिम गरिनेछ र नियमावली हेर्न चाहेमा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको वेवसाइट www.molmac.sudurpaschim.gov.np बाट डाउनलोड गरि हेर्न सकिनेछ ।

गुमानी दत्त पन्त
कार्यालय प्रमुख